# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०६।१४ गते।

# प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी नेत्र प्रसाद घिमिरेसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटः-

**प्रतिवादी नेत्र प्रसाद घिमिरे र मोहम्मद नुरुल हुसेन खाँ उपर** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (क) र (ख) बमोजिमको कसूरमा बिगो रु.४३,७०,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले उल्लेख गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद सजाय गरी उक्त ऐनको दफा ७ मा उल्लेख भए बमोजिम चुहावट भएको राजश्व रकमको दोब्बर जरिबाना हुन,

**प्रतिवादीहरू कमलेश प्रसाद बर्मा (कोहार), जय प्रकाश लाल श्रीवास्तव, अशोक कुमार दुबे, निरज श्रीवास्तव भन्ने जीवन श्रीवास्तव र संदीप तिवारी भन्ने संदीप कुमार त्रिपाठी** उपर घटी राजश्व निर्धारण गरी राजश्व चुहावट गर्ने कार्यमा मतियार भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसूर गरेकोले निजहरू उपर बिगो रु.४३,७०,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मुख्य प्रतिवादीहरू नेत्र प्रसाद घिमिरे र मोहम्मद नुरुल हुसेन खाँ सरह भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (क) र (ख) को कसूरमा उक्त ऐनको दफा ७ ले उल्लेख गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद सजाय गरी उक्त ऐनको दफा ७ मा उल्लेख भए बमोजिम चुहावट भएको राजश्व रकमको दोब्बर जरिवाना हुन,

मागदावी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले निम्न आधारमा मिति २०८०।११।१४ को फैसलाबाट निम्न आधारमा सफाई दिएको-:

- बोलपत्र मूल्याङ्कन समितिले बोलपत्र परिवर्तन गरेको भन्ने दाबी यथार्थपरक देखिन नआएको।
- प्रतिवादीहरूको कार्य गर्ने तौर तरिका अस्वाभाविक एवं कानून विपरीत रहेको नदेखिएको तथा निजहरूले अनुचित लाभको लोभमा परी कार्य गरेको पनि नदेखिएको।
- प्रतिवादीहरूले राजस्व चुहावटमा एकआपसमा मिलोमतो गरेको भन्ने नदेखिएको।

विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०६।१४ मा पुनरावेदन गरिएको छः-

**देहायः**

- आ.व. ०७६/०७७ मा भएको सिपवा घाट वालुवा उत्खनन् संकलन तथा बिक्री को ठेक्का ए.आर.के. निर्माण सेवालाई प्राप्त गराउन नविन निर्माण सेवा, ए.आर.के. निर्माण सेवा र दुबे जी निर्माण सेवाको प्रोप्राईटर समेतको मिलेमतोमा उक्त तीनवटै निर्माण सेवाको BOQ नविन निर्माण सेवा र ए.आर.के. निर्माण सेवाको अधिकार प्राप्त प्रतिनिधि नभएको उक्त निर्माण सेवा चलाउँदै आएको भनिएका निरज श्रीवास्तव भन्ने जीवन श्रीवास्तवले आफूले भरी पेश गरी/गराई उक्त निर्माण सेवाको BOQ मा लेखिएका हस्तलिखित अङ्क र अक्षर आँखाले हेरी एउटै व्यक्तिले लेखेको छुट्याउन सकिने अवस्थामा पनि बोलपत्र मूल्याङ्कन समितिले परीक्षण नगरी बोलपत्र पेश गरेको अन्तिम दिन दर्ता भएको सबभन्दा बढी रु.१ करोड कबोल अङ्क रहेको अर्याल निर्माण सेवाको BOQ बोलपत्र प्रतिवादीहरुको मिलेमतोमा सोही दिन बोलपत्र खोल्नुभन्दा करिब एक घण्टा अगाडिको अवधिमा परिवर्तन गराई, अर्याल निर्माण सेवाको बोलपत्रलाई अयोग्य ठहर गरी रु.५६,३०,०००।-कबोल अङ्क रहेको ए.आर.के. निर्माण सेवालाई ठेक्का दिई रु.४३,७०,०००।- घटी राजश्व निर्धारण गरी राजश्व चुहावट गरेको तथ्य मिसिल संलग्न उजुरी, उक्त बोलपत्र आव्हानको सूचना, दर्ता हुन आएका बोलपत्रहरू, बोलपत्र दर्ता रजिष्टर,

बोलपत्र खोलिएको मुचुल्का, बोलपत्र मूल्याङ्कन समितिको विभिन्न मितिका निर्णयहरू, बोलपत्र स्वीकृत गर्ने आशयको सूचना, Letter of Acceptance, बैङ्कको नगद/चेक जम्मा भौचर र राजश्व दाखिला फाराम, ठेक्का कबुलियतनामा, पट्टापत्र, प्रतिवादीहरूको बयान तथा ततिम्बा बयान, नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशालाको परिक्षण प्रतिवेदनहरू तथा विशेषज्ञको बकपत्र, बुझिएका उमाशंकर यादब समेतको बकपत्र समेतबाट पुष्टि भै प्रतिवादीहरु आरोपदाबी बमोजिमको कसूरदार रहेको तथ्य पुष्टि भएको।

- सार्वजनिक बोलपत्र दर्ता रजिष्टरबाट अर्याल निर्माण सेवाको बोलपत्र संदीप त्रिपाठी, दुबे जी निर्माण सेवाको बोलपत्र अनिल कुमार माझी र ए.आर.के. निर्माण सेवाको बोलपत्र जीवन श्रीवास्तवले दर्ता गराएको भन्ने देखिएको, बोलपत्र खोलिएको मुचुल्का उपस्थिति समेतबाट अनिल कुमार माझी, जीवन श्रीवास्तव र अल्ताफ हुसेन ठेकेदार प्रतिनिधिको रुपमा उपस्थिति भई मुचुल्का खोल्ने प्रक्रियामा संलग्न भएको भन्ने देखिएपनि निजहरू संदीप तिवारी, अनिल कुमार माझी, जिवन श्रीवास्तव र अल्ताफ हुसेन कोही पनि अर्याल निर्माण सेवा, नविन निर्माण सेवा, दुबे जी निर्माण सेवा र ए.आर.के. निर्माण सेवाको अधिकार प्राप्त प्रतिनिधि वा अख्तियारवाला भएको मिसिल संलग्न कागजातहरूबाट नदेखिएको तथ्यलाई सम्बन्धित फर्म धनीको बयान समेतले समर्थित गरे समेतबाट सो बोलपत्रका क्रममा अख्तियारनामा वा आधिकारीक परिचयपत्र समेत नहेरी मिलेमतोमै जो कोहीले जो कोहीको नाममा टेन्डर फाराम लिने र भर्ने गरेको देखिएको।
- प्रतिवादी जीवन श्रीवास्तवले आफ्नो बयानमा बोलपत्र पेश गर्ने ठेकेदारहरूबीच बोलपत्र भर्दा मिलाएर भरी पेश गर्ने र ठेक्का ए.आर.के. निर्माण सेवाको नाममा पारी ठेक्कामा सबै मिली लगानी गरी नाफा पनि सोही बमोजिम लिने गरी सल्लाह गरी ए.आर.के.निर्माण सेवाको बोलपत्र स्वीकृत गर्न आफूमा मिलेमतो गराई नविन निर्माण सेवा, दुबे जी निर्माण सेवा र ए.आर.के. निर्माण सेवाको बोलपत्र आफूले भरी पेश गरेको भन्ने व्यहोरा खुलाई दिएकोले घटी राजश्व निर्धारण गरी राजश्व चुहावट गरेको तथ्य पुष्टि भएको।
- प्रतिवादी निरज श्रीवास्तव भन्ने जीवन श्रीवास्तवले उक्त ठेक्काको टेण्डर भर्ने क्रममा सबै टेण्डर मैले नै भरेको हुनाले मिलेमतो देखिएको हो, ठेक्का सम्झौता भएपछि सबै शेयरमा बसेर कारोबार गर्ने भनेका थियौं, उक्त बोलपत्र पेश गर्ने ठेकेदारहरूबीच बोलपत्र भर्दा मिलाएर भरी पेश गर्ने, ठेक्का ए.आर.के. निर्माण सेवाको नाममा पार्ने र उक्त ठेक्कामा सबै मिली लगानी गरी नाफा पनि सोही बमोजिम लिने सल्लाह गरी बोलपत्र पेश गरिएको हो, बोलपत्रहरू एकै समयमा मिलेर हालेको हो भनी मौकाको बयानमा उल्लेख गरी अदालतमा समेत आफूले चारवटै फर्मको फाराम खरीद गरी दर्ता रजिष्टर र खाममा हस्ताक्षर गरेको। प्रतिवादी सुनिल कुमार शुक्लाले आफुले सो बोलपत्र दर्ता नगराई टेबलमा छाडेर आएको भनी उल्लेख गरी अदालतमा बयान गरेको, प्रतिवादी नेत्र प्रसाद घिमिरेले मौकामा अर्याल निर्माण सेवाको बोलपत्रको दस्तखत, छाप, हस्तलिखित अङ्क र अक्षर एक भन्दा बढी व्यक्तिले लेखेको तथ्य स्वीकरी मूल्याङ्कन समितिले नविन निर्माण सेवा, दुबे जी निर्माण सेवा र ए.आर.के. निर्माण सेवाको बोलपत्रको अक्षर र अङ्क एउटै व्यक्तिको भएको र मिलेमतो गरेको भन्ने अनुमान गर्न नसकिएकोले ठेक्का प्रक्रिया अगाडि बढाईएको दाबी विरोध नगरिएकोले आपसमा ठेकेदारहरूको मिलेमतो हुन सक्छ भन्ने समेतको व्यहोरा उल्लेख गरी समग्र प्रक्रियामा आफू समेत संवेदनशील नभएको र प्रक्रिया समेत त्रुटिपूर्ण रहेकामा साबित रही बयान गरेबाट घटी राजश्व निर्धारण गरी राजश्व चुहावट गरी भ्रष्टाचारजन्य कसूर गरेको तथ्य पुष्टि भएको अवस्थामा राजस्व चुहावटमा एकआपसमा मिलोमतो गरेको नदेखिएको भनी कसूरबाट उन्मुक्ति दिनेगरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको।

सहायक प्रवक्ता
देवी प्रसाद थपलिया

## देहायः

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **प्र.**<br>नेत्र प्रसाद घिमिरे,<br>मोहम्मद नुरुल हुसेन खाँ,<br>कमलेश प्रसाद बर्मा (कोहार),<br>अशोक कुमार दुबे,<br>जय प्रकाश लाल श्रीवास्तव,<br>निरज श्रीवास्तव भन्ने जीवन श्रीवास्तव र<br>संदीप तिवारी भन्ने संदीप कुमार त्रिपाठी<br><br>विशेष अदालत मुद्दा नं.:-<br>०८०-CR-००६९<br>फैसला मितिः-<br>२०८०।११।१४ | **राजश्व चुवाहट गरी भ्रष्टाचार गरेको।** | प्रतिवादी नेत्र प्रसाद घिमिरे र प्रतिवादी मोहम्मद नुरुल हुसेन खाँ उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (क) र (ख) बमोजिमको कसूरमा बिगो रु.४३,७०,०००।-(त्रिचालिस लाख सत्तरी हजार रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले उल्लेख गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद सजाय गरी उक्त ऐनको दफा ७ मा उल्लेख भए बमोजिम चुहावट भएको राजश्व रकमको दोब्बर जरिबाना हुन, प्रतिवादीहरू कमलेश प्रसाद बर्मा (कोहार), जय प्रकाश लाल श्रीवास्तव, अशोक कुमार दुबे, निरज श्रीवास्तव भन्ने जीवन श्रीवास्तव र संदीप तिवारी भन्ने संदीप कुमार त्रिपाठी उपर प्रतिवादी नेत्र प्रसाद घिमिरे र प्रतिवादी मोहम्मद नुरुल हुसेन खाँसँगको मिलेमतोमा घटी राजश्व निर्धारण गरी राजश्व चुहावट गर्ने कार्यमा मतियार भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसूर गरेकोले निज प्रतिवादीहरू उपर बिगो रु.४३,७०,०००।-(त्रिचालिस लाख सत्तरी हजार रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मुख्य प्रतिवादीहरू नेत्र प्रसाद घिमिरे र मोहम्मद नुरुल हुसेन खाँ सरह भ्रष्टाचार निवारण ऐन, २०५९ को | **फैसलाः**<br>प्रतिवादीहरूले आरोप दाबीबाट सफाई पाउने ठहर्छ भनी मिति २०८०।११।१४ मा फैसला भएको देखिन्छ।<br>**विशेष अदालत काठमाडौंले प्रतिवादीहरूलाई सफाई दिने गरी फैसला गर्दा निम्न आधार ग्रहण गरेको देखिन्छः**<br>(क) बोलपत्र मूल्याङ्कन समितिले बोलपत्र परिवर्तन गरेको भन्ने दाबी यथार्थपरक देखिन नआएको।<br>(ख) प्रतिवादीहरूको कार्य गर्ने तौर तरीका अस्वाभाविक एवं कानून विपरीत रहेको नदेखिएको तथा निजहरूले अनुचित लाभको लोभमा परी कार्य गरेको पनि नदेखिएको।<br>(ग) प्रतिवादीहरूले राजस्व चुहावटमा एकआपसमा मिलोमतो गरेको भन्ने नदेखिएको । | (क) प्रस्तुत मुद्दामा आ.व. ०७६/०७७ मा भएको सिपवा घाट वालुवा उत्खननृ संकलन तथा बिक्री को ठेक्का ए.आर.के. निर्माण सेवालाई प्राप्त गराउन नविन निर्माण सेवा, ए.आर.के. निर्माण सेवा र दुबे जी निर्माण सेवाको प्रोप्राईटर समेतको मिलेमतोमा उक्त तीनवटै निर्माण सेवाको BOQ नविन निर्माण सेवा र ए.आर.के. निर्माण सेवाको अधिकार प्राप्त प्रतिनिधि नभएको उक्त निर्माण सेवा चलाउँदै आएको भनिएका निरज श्रीवास्तव भन्ने जीवन श्रीवास्तवले आफूले भरी पेश गरी गराई उक्त निर्माण सेवाको BOQ मा लेखिएका हस्तलिखित अङ्क र अक्षर आँखाले हेरी एउटै व्यक्तिले लेखेको छुट्याउन सकिने अवस्थामा पनि बोलपत्र मूल्याङ्कन समितिले परिक्षण नगरी बोलपत्र पेश गरेको अन्तिम दिन दर्ता भएको सबभन्दा बढी रु.१ करोड कबोल अङ्क रहेको अर्याल निर्माण सेवाको BOQ बोलपत्र प्रतिवादीहरुको मिलेमतोमा सोही दिन बोलपत्र खोल्नुभन्दा करिब एक घण्टा अगाडिको अवधिमा परिवर्तन गराई, अर्याल निर्माण सेवाको बोलपत्रलाई अयोग्य ठहर गरी रु.५६,३०,०००।-कबोल अङ्क रहेको ए.आर.के. निर्माण सेवालाई ठेक्का दिई रु.४३,७०,०००।-(त्रिचालिस लाख सत्तरी हजार) घटी राजश्व निर्धारण गरी राजश्व चुहावट गरेको तथ्य मिसिल संलग्न उजुरी, उक्त बोलपत्र आव्हानको सूचना, दर्ता हुन आएका बोलपत्रहरू, बोलपत्र दर्ता रजिष्टर, बोलपत्र खोलिएको मुचुल्का, बोलपत्र मूल्याङ्कन समितिको विभिन्न मितिका निर्णयहरू, बोलपत्र स्वीकृत गर्ने आशयको सूचना, Letter of Acceptance, कृषि विकास बैङ्क लि. को नगद/चेक जम्मा भौचर र राजश्व दाखिला फाराम, ठेक्का कबुलियतनामा, पट्टापत्र, प्रतिवादीहरूको बयान तथा ततिम्बा बयान, नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशालाको परिक्षण प्रतिवेदनहरू तथा विशेषज्ञको बकपत्र, बुझिएका उमाशंकर यादब समेतको बकपत्र समेतबाट पुष्टि भै प्रतिवादीहरु आरोपदाबी बमोजिमको कसूरदार रहेको तथ्य पुष्टि भैरहेको अवस्था रहेको ।<br><br>(ख) सार्वजनिक खरिद ऐन, २०६३ को दफा १८ मा बोलपत्रदाता आफैले वा आफ्नो प्रतिनिधि मार्फत वा हुलाक वा कुरियर मार्फत बोलपत्र पेश गर्नुपर्ने स्थानमा बोलपत्र पेश गर्ने अन्तिम मिति र समय भित्रै बोलपत्र पेश गर्नु पर्नेछ भनी उल्लेख भएको देखिन्छ । तर उक्त बोलपत्र दर्ता रजिष्टरबाट अर्याल निर्माण सेवाको बोलपत्र संदीप त्रिपाठी, दुबे जी निर्माण सेवाको बोलपत्र अनिल कुमार माझी र ए.आर.के. निर्माण सेवाको बोलपत्र जीवन श्रीवास्तवले दर्ता गराएको भन्ने देखिएको, बोलपत्र खोलिएको मुचुल्का उपस्थिति समेतबाट अनिल कुमार माझी, जीवन श्रीवास्तव र अल्ताफ हुसेन ठेकेदार प्रतिनिधिको रुपमा उपस्थिति भई मुचुल्का खोल्ने प्रक्रियामा संलग्न भएको भन्ने देखिएपनि निजहरू संदीप तिवारी, अनिल कुमार माझी, जिवन श्रीवास्तव र अल्ताफ हुसेन कोही पनि अर्याल निर्माण सेवा, नविन निर्माण सेवा, दुबे जी निर्माण सेवा र ए.आर.के. निर्माण सेवाको अधिकार प्राप्त प्रतिनिधि वा अख्तियारवाला भएको मिसिल संलग्न कागजातहरूबाट नदेखिएको तथ्यलाई सम्बन्धित फर्म धनीको बयान समेतले समर्थित गरे समेतबाट सो बोलपत्रका क्रममा अख्तियारनामा वा आधिकारीक परिचयपत्र समेत नहेरी मिलेमतोमै जो कोहीले जो कोहीको नाममा टेन्डर फाराम लिने र भर्ने गरेको देखिएको ।<br><br>(ग) सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४ को देहाय (ङ) मा सोही ऐनको दफा २६ को उपदफा ६ बमोजिम आपसमा मिलेमतो गरी दाखिला भएका बोलपत्र उपर कारबाही गरिने छैन भन्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६० को देहाय (घ) मा बोलपत्रको पूर्णता परिक्षण गर्दा मूल्याङ्कन समितिले सम्बन्धित व्यक्ति, फर्म, संस्था वा कम्पनी आफैले खरिद गरेको बोलपत्र सम्बन्धी कागजात भरी पेश गरे नगरेको कुरा परिक्षण गर्नु पर्नेछ भनी उल्लेख भएकोमा प्रतिवादी जीवन श्रीवास्तवले आफ्नो बयानमा बोलपत्र पेश गर्ने ठेकेदारहरूबीच बोलपत्र भर्दा मिलाएर भरी पेश गर्ने र ठेक्का ए.आर.के. निर्माण सेवाको नाममा पारी ठेक्कामा सबै मिली लगानी गरी नाफा पनि सोही बमोजिम लिने गरी सल्लाह गरी ए.आर.के.निर्माण सेवाको बोलपत्र स्वीकृत गर्न आफूमा मिलेमतो गराई नविन निर्माण सेवा, दुबे जी निर्माण सेवा र ए.आर.के. निर्माण सेवाको बोलपत्र आफूले भरी पेश गरेको भन्ने व्यहोरा खुलाई दिएको अवस्था, नमूना |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | दफा ७ को देहाय (क) र (ख) को कसूरमा उक्त ऐनको दफा ७ ले उल्लेख गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद सजाय गरी उक्त ऐनको दफा ७ मा उल्लेख भए बमोजिम चुहावट भएको राजश्व रकमको दोब्बर जरिवाना हुन मागदाबी लिइएको । | | परिक्षणबाट अर्याल निर्माण सेवाको BOQ मा रहेको बोलपत्रदाताको दस्तखत महलमा रहेको दस्तखतसँग निज सुनिल कुमार शुक्लको ततिम्बा बयानमा रहेको निजको दस्तखत र अर्याल निर्माण सेवाले खरिद गरी पेश गरेको बोलपत्र फारामसँगै रहेको ठेक्काको सूचनामा रहेको निजको दस्तखतसँग मेल नखाएको साथै अर्याल निर्माण सेवाको BOQ को फर्मको छाप महलमा रहेको छाप अर्याल निर्माण सेवाले खरिद गरी पेश गरेको बोलपत्र फारामसँगै रहेको ठेक्काको सूचनामा रहेको उक्त निर्माण सेवाको छापसँग मेल नखाएको भन्ने तथा उक्त अर्याल निर्माण सेवाको BOQ मा लेखिएका हस्तलिखित अक्षर र अङ्क एक भन्दा बढी व्यक्तिले लेखेको भन्ने समेत व्यहोराको नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशालाबाट प्राप्त परीक्षण प्रतिवेदनमा उल्लेख भएको र विशेषज्ञले बकपत्रमार्फत पुष्टि गरिदिए समेतबाट यी प्रतिवादीहरूले एक आपसमा मिलेमतो गरी सोही दिन बोलपत्र खोल्नुभन्दा केही समय अगाडिको अवधिमा परिवर्तन गराई उक्त BOQ मा एक भन्दा बढी व्यक्तिले अङ्क र अक्षर लेखी लेखाई बोलपत्रदाताको दस्तखत महलमा अकैं दस्तखत गरी गराई फर्मको छाप महलमा अकैं छाप लगाई उक्त BOQ को कबोल रकमको अङ्क महलमा अङ्कमा रु.१,००,००,०००।-लेखी केटमेट गरी गराई मुचुल्कामा अङ्क र अक्षरमा केरमेट गरी सहीछाप नगरेको कैफियत जनाई अर्याल निर्माण सेवाको बोलपत्रलाई अयोग्य ठहर गरी उक्त ठेक्काको न्युनतम् रकम भन्दा थोरै मात्र अर्थात ००.६७ प्रतिशत मात्र बढी रु.५६,३०,०००।- कबोल अङ्क रहेको ए.आर.के. निर्माण सेवालाई ठेक्का दिई रु.४३,७०,०००।-(त्रिचालिस लाख सत्तरी हजार रुपैयाँ) घटी राजश्व निर्धारण गरी राजश्व चुहावट गरेको तथ्य पुष्टि भएको।<br><br>(घ) प्रतिवादी निरज श्रीवास्तव भन्ने जीवन श्रीवास्तवले उक्त ठेक्काको टेण्डर भर्ने क्रममा सबै टेण्डर मैले नै भरेको हुनाले मिलेमतो देखिएको हो, ठेक्का सम्झौता भएपछि सबै शेयरमा बसेर कारोबार गर्ने भनेका थियौं, उक्त बोलपत्र पेश गर्ने ठेकेदारहरूबीच बोलपत्र भर्दा मिलाएर भरी पेश गर्ने, ठेक्का ए.आर.के. निर्माण सेवाको नाममा पार्ने र उक्त ठेक्कामा सबै मिली लगानी गरी नाफा पनि सोही बमोजिम लिने गरी सल्लाह गरी बोलपत्र पेश गरिएको हो, बोलपत्रहरू एकै समयमा मिलेर हालेको हो भनी मौकाको बयानमा उल्लेख गरी अदालतमा समेत आफूले चारवटै फर्मको फाराम खरीद गरी दर्ता रजिष्टर र खाममा हस्ताक्षर गरेको तथ्यमा समेत समर्थित रही अर्याल निर्माण सेवाको टेन्डर सुनिल कुमार शुक्लाले दर्ता गराएको भनी आफूहरुले मिलेमतोमै सो कसूरजन्य काम गरेकोमा समर्थित रहेको अवस्थामा प्रतिवादी सुनिल कुमार शुक्लाले निज आफूले सो बोलपत्र दर्ता नगराई टेबलमा छाडेर आएको भनी उल्लेख गरी अदालतमा बयान गरेबाट समेत प्रतिवादीहरु मौकामा कसूरमा मिलेमतो गरी कसूरबाट बच्ने उम्कने नियत उद्देश्यले अदालतमा भिन्न रुपमा बयान गरेको अवस्था, प्रतिवादी नेत्र प्रसाद घिमिरेले मौकामा अर्याल निर्माण सेवाको बोलपत्रको दस्तखत, छाप, हस्तलिखित अङ्क र अक्षर एक भन्दा बढी व्यक्तिले लेखेको तथ्य स्वीकरी मूल्याङ्कन समितिले नविन निर्माण सेवा, दुबे जी निर्माण सेवा र ए.आर.के. निर्माण सेवाको बोलपत्रको अक्षर र अङ्क एउटै व्यक्तिको भएको र मिलेमतो गरेको भन्ने अनुमान गर्न नसकिएकोले ठेक्का प्रक्रिया अगाडि बढाईएको दाबी विरोध नगरिएकोले आपसमा ठेकेदारहरूको मिलेमतो हुन सक्छ भन्ने समेतको व्यहोरा उल्लेख गरी समग्र प्रक्रियामा आफू समेत संवेदनशील नभएको र प्रक्रिया समेत त्रुटिपूर्ण रहेकामा साबित रही बयान गरेको अवस्था समेतले यी प्रतिवादीहरूको कसूरलाई थप पुष्टि गरिदिएको।<br><br>(ङ) प्रतिवादीहरूले उक्त बोलपत्र फाराम खरीद देखि बोलपत्रको अन्तिम चरणसम्मैका प्रक्रियामा निजहरुको योजना तथा मिलेमतोबाटै बढी अंक कबोल गर्ने निर्माण सेवालाई अयोग्य मानी कम रकम कबोल गर्ने निर्माण सेवासंग ठेक्का सम्झौता गरी राजश्व चुहावट गरी भ्रष्टाचार गरेको तथ्य पुष्टि भैरहेको छ ।एकै जनाले बोलपत्र दर्ता गरेको, बोलपत्र खोल्दा प्रतिनिधिको आधिकारिकता नबुझेको, केरमेट गरी हस्ताक्षर नगरेको, जुन आधारमा दुबे जी निर्माण र नबिन निर्माणको छनौट हुन नसक्ने (disqualified) भयो, सोही आधार A.R.K. निर्माण मा समेत विद्यमान रहेको तर The bidder's document is clear भनी उक्त निर्माण कम्पनीलाई उक्त ठेक्का दिलाईदिएको, शुभ नारायण यादवले मुचुल्का,टेण्डर opening मा हस्ताक्षर गर्न नमानेको समेतबाट जसरी पनि A.R.K. निर्माण सेवालाई ठेक्का दिलाउने मनसायले सार्वजनिक खरिद ऐन, २०६३ को दफा १८ तथा दफा २४ को देहाय (ङ) समेतको वेवास्ता गरी बद्नियतपूर्वक सम्पूर्ण प्रतिवादीहरूले मिलेमतो गरी सोही |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | बमोजिमको योजनामा उक्त ठेक्कामा रु.४३,७०,०००।-(त्रिचालिस लाख सत्तरी हजार) घटी राजश्व निर्धारण गरी राजश्व चुहावट गरी भ्रष्टाचारजन्य कसूर गरेको तथ्य पुष्टि भैरहेको अवस्थामा प्रतिवादीहरूले राजस्व चुहावटमा एकआपसमा मिलोमतो गरेको भनी मिल्ने पनि नदेखिएको भनी प्रतिवादीहरुलाई निजहरुले गरेको कसूरबाट उन्मुक्ति दिनेगरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको। |